हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ४ मितिः२०७७/०७/०३

## भाग-३

## हेटौंडा उपमहानगरपालिकाको आयोजना कार्यान्वयन, अनुगमन जाँचपास फरफारक सम्बन्धी कार्यविधि, २०७५ को पहिलो संशोधन

| दफा नं. | साविक कार्यविधिमा भएको व्यवस्था | अब कार्यविधिमा हुने संशोधन | कार्यविधिमा संसोधन हुनुपर्ने कारण |
|---|---|---|---|
| दफा, ४ को उपदफा (४) | (४)उपदफा(१) वमोजिमको समितिले योजना तथा कार्यक्रम सम्पन्न भएको जानकारी प्राप्त भए पछि भौतिक पुर्वाधार सम्वन्धी योजनाको हकमा सम्वन्धित प्राविधिकले पेश गरेको अन्तिम मुल्यांकन वा कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन लिनेछ ।अन्य कार्यक्रमको हकमा सार्वजनिक | (४)उपदफा(१) वमोजिमको समितिले योजना तथा कार्यक्रम सम्पन्न भएको जानकारी प्राप्त भए पछि भौतिक पुर्वाधार सम्वन्धी योजनाको हकमा सम्वन्धित प्राविधिकले पेश गरेको अन्तिम मुल्यांकन वा कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन लिनेछ । अन्य | स्थानीय रुपमा सिर्जना हुने विवाद न्यूनिकरण गर्न र फरफारकको कार्यलाई नियमित गर्न |



हेटौंडा राजपत्र

| | | | |
|---|---|---|---|
| | परिक्षण प्रतिवेदन र सम्वन्धित महाशाखा शाखाको सिफारीसको आधारमा वढिमा १५(पन्ध्र) दिन भित्र आयोजनाको जांचपांस गरी फरफारक गर्न सिफारीस गर्नेछ । साथै समितिले आयोजना तथा कार्यक्रमहरुको फरफारक गर्नु अघि सम्वन्धित वडा कार्यालयको सिफारीस समेत लिनेछ । निर्माण व्यवसायीहरु (ठेक्का) मार्फत संचालन गरीएका कामहरुको हकमा समेत सार्वजनिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । सार्वजनिक परिक्षणको प्रतिवेदन सम्वन्धित वडाको जनप्रतिनिधिको उपस्थितिमा तयार गर्नु पर्नेछ । | कार्यक्रमको हकमा सार्वजनिक परिक्षण प्रतिवेदन र सम्वन्धित महाशाखा शाखाको सिफारीसको आधारमा वढिमा १५(पन्ध्र) दिन भित्र आयोजनाको जांचपांस गरी फरफारक गर्न सिफारीस गर्नेछ । साथै समितिले आयोजना तथा कार्यक्रमहरुको फरफारक गर्नु अघि सम्वन्धित वडा कार्यालयको सिफारीस लिन सक्नेछ ।। निर्माण व्यवसायीहरु (ठेक्का) मार्फत संचालन गरीएका कामहरुको हकमा समेत सार्वजनिक परिक्षण प्रतिवेदन अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । सार्वजनिक परिक्षणको प्रतिवेदन सम्वन्धित वडाको जनप्रतिनिधिको उपस्थितिमा तयार गर्नु पर्नेछ । | |

प्रमाणीकरण गर्नेको
नाम थरः  नमराज घिमिरे
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७७।०७।२३

हेटौंडा उपमहानगरपालिका